# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, चैत्र २ गते २०२१ साल

### नेपाल लोकसेवा आयोगको
### विज्ञापन

निम्नलिखित विभाग, अड्डाहरूलाई निम्न लेखिएबमोजिम पदहरू चाहिएकाछन् । योग्य नेपाली उम्मेदवारहरूले यस आयोगमा दरखास्त फाराम नं. १ ( २०२१ ) मा आफ्नो विवरण स्पष्ट भरी, निम्नलिखित दस्तूरसहित निम्नलिखित मिति सम्ममा यस आयोगमा आइपुग्ने गरी दरखास्त पठाउन वा बुझाउनु पर्छ । दरखास्त दिंदा आफूले पाएको शुरूदेखिको सकल प्रमाणपत्र र मार्क शिटका नक्कलहरू उमेर खुलेको प्रमाणपत्रको नक्कल एवं नागरिकताको प्रमाणपत्रसमेत सबै सामेल राखी पेश गर्नुपर्छ । पेश गरेका प्रमाणपत्रहरूको सक्कल प्रति अन्तर्वार्ताको दिनमा साथै लिई आउनुपर्छ । योग्य उम्मेदवारहरूले दरखास्त पेश गरी निम्नलिखित मितिमा यस आयोगसंग सम्पर्क नराखेमा परीक्षाको वा अन्तर्वार्ताको निमित्त अर्को सूचना गरिने छैन ।

दरखास्त म्यादको आखिरी दिनमा धेरै दरखास्त दिनेहरू जम्मा भई सबैलाई असुविधा हुने हुंदा समयमानै दरखास्त पठाउन सूचना गरिन्छ । साधारणतया उम्मेदवारहरूको तोकिएको न्यूनतम योग्यता पुगेको नदेखिएको रीत नपुगेको उल्लिखित दस्तूर नभएको र म्याद नाघी दाखिल भएको दरखास्त उपर कुनै विचार हुनेछैन । वहाल वाला कर्मचारीहरूले दरखास्त दिंदा उल्लिखित दस्तूरसहित विभागीय प्रमुख र विभागीय प्रमुख टाढा भए अड्डा प्रमुखको सिफारिश पेश गर्नुपर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

दरखास्त फाराम एकप्रति निमित्त रू. ।५० पचास पैसा मोल तिरी सोझै यस आयोग-बाट चाहिएजति झिकाए पनि हुन्छ । दरखास्त फाराम झिकाउदा चाहिने टिकट खर्च पनि साथै पठाउनुपर्छ ।

सिफारिश हुन छानिएका उम्मेदवारले आफूले पेशगरेको दरखास्त फारामको प्रतिलिपि र प्रेषित प्रमाणपत्रहरूको प्रतिलिपिसमेत यस आयोगमा बुझाउनु पर्नेछ ।

निम्नलिखित विज्ञापनका गजेटेडपदहरूमा मात्र अन्तर्वार्ताबाट सफल देखिएका उम्मेद-वारहरूको स्वास्थ्य परीक्षा कुनै सरकारी अस्पतालबाट गराइनेछ । उक्त परीक्षाबापत रू. १०। दश रुपैयां उम्मेदवार आफैले बुझाउनु पर्नेछ ।

## विज्ञापन नं. १०३

१) पद र स्थानः– श्री ५ को सरकार, स्वास्थ्य सेवा विभागअन्तर्गत बागलुङ्ग अस्पतालको निमित्त ग्राजुएट नर्स जवान २ दुई, नन् गजेटेड प्रथम श्रेणी, (प्राविधिक), स्थायी तथा पेन्सन पाइने ।

२) आवश्यक न्यूनतम योग्यताः– ग्राजुएट नर्स कोर्श पास ।

३) मासिक तलवको स्केलः– रू.२००।– देखि रू ३७५।– सम्म ।

४) महंगी भत्ताः– प्रचलित रूल नियमबमोजिम ।

५) लुगा भत्ताः– रू ४०।–

६) दर्खास्त दस्तूरः– नगद रू १।५० एक रुपैयां पचास पैसा ।

७) अन्तर्वार्ताः– नगद रू ७।– सात रुपैयां ।

८) उम्मेदवारले गर्नुपर्ने कामको किसिमः– अस्पतालमा रही नर्सिगसम्बन्धी काम ।

९) दर्खास्त आयोगमा आइपुग्नु पर्ने मितिः– ०२१।१२।१२।५

१०) सम्पर्क मितिः– ०२१।१२।१३।६ का दिन ४ बजे ।

११) उमेरः– उम्मेदवारको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।

## विज्ञापन नं. १०४

१) पद र स्थानः– श्री ५ को सरकार, पञ्चायत विकास विभागअन्तर्गत पञ्चायत प्रशिक्षण केन्द्र, रामपुर चितौनको निमित्त अर्थ शास्त्रको लेकचरर पद १ एक, गजेटेड तृतीय श्रेणी प्राविधिक (शिक्षा सेवा), अनिश्चित काल तकको अस्थायी तथा पेन्सन नपाइने ।

२) आवश्यक न्यूनतम योग्यताः– एम. ए. (अर्थशास्त्र) ।

३) वाञ्छनीय योग्यताः– एम. ए. (अर्थशास्त्र) मा प्रथम वा द्वितीय श्रेणीमा पास भएका तथा ग्रामीण जन–जीवनमा रूची भई अध्यापन कार्यमा अनुभवी ।

४) मासिक तलवको स्केलः– रू ३५०।– देखि रू. ६२५।– सम्म ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५) महंगी भत्ता:– प्रचलित रूल नियमबमोजिम ।
६) दर्खास्त दस्तूर:– नगद रू. ३।– तीन रुपैयां ।
७) अन्तर्वार्ता दस्तूर:– नगद १०।– दश रूपैयां ।
८) उम्मेदवारले गर्नुपर्ने कामको किसिम:– अर्थशास्त्रसम्बन्धी तालिम दिने ।
९) दर्खास्त आयोगमा आइपुग्नुपर्ने मिति:– ०२१।१२।४।४
१०) सम्पर्क मिति:– ०२१।१२।६।६ का दिन ४ बजे ।
११) उमेर:– उम्मेदवारको उम्मेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।

## विज्ञापन नं. १०५

१) पद र स्थान:– श्री ५ सो सरकार, स्वास्थ्य सेवा विभागअन्तर्गत पूर्व १ नं. बनेपा हेल्थ सेण्टरको लागि १ जना मेडिकल अफिसर (डाक्टर), गजेटेड तृतीय श्रेणी, (प्राविधिक) स्थायी तथा पेन्सन पाइने ।
२) आवश्यक न्यूनतम योग्यता:– एम. बी. बी. एस. ।
३) उम्मेदवारले गर्नुपर्ने कामको किसिम:– हेल्थ सेण्टरको इञ्चार्ज भई परिआएको चिकित्सासम्बन्धी काम ।
४) मासिक तलवको स्केल:– रू. ३५०।– देखि रू. ६२५।– सम्म ।
५) दर्खास्त दस्तूर:– नगद रू. ३।– तीन रुपैयां ।
६) अन्तर्वार्ता दस्तूर:– नगद रू १०।– दश रुपैयां ।
७) दर्खास्त आयोगमा आइपुग्नु पर्ने मिति:– ०२१।१२।१०।३
८) सम्पर्क मिति:– ०२१।१२।११।४ का दिन ४ बजे ।
९) उमेर:– उम्मेदवारको उम्मेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।

## विज्ञापन नं, १०६

१) पद र स्थान:– श्री ५ को सरकार, स्वास्थ्य सेवा विभागअन्तर्गत इलाम, भक्तपुर ललितपुर अस्पताल र महेन्द्र आदर्श चिकित्सालय (भरतपुर) समेतको लागि ४ जना लेडी डाक्टर, गजेटेड तृतीय श्रेणी (प्राविधिक) स्थायी तथा पेन्सन पाइने ।
२) आवश्यक न्यूनतम योग्यता:– एम. बी. बी. यस ।
३) उम्मेदवारले गर्नुपर्ने कामको किसिम:– अस्पतालमा रही चिकित्सासम्बन्धी काम ।
४) मासिक तलवको स्केल:– रू. ३५०।– देखि रू. ६२५।– सम्म ।
५) महंगी भत्ता:– इलाम र भरतपुरको लागि प्रचलित रूल नियमबमोजिम ।
६) दर्खास्त दस्तूर:– नगद रू. ३।– तीन रुपैयां ।
७) अन्तर्वार्ता दस्तूर:– नगद रू. १०।– दश रुपैयां
८) दर्खास्त आयोगमा आइपुग्नुपर्ने मिति:– ०२१।१२।३।३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
६३५

९) सम्पर्क मितिः– २०२१।१२।४।४ का दिन ४ बजे ।

१०) उमेरः– उम्मेदवारको उम्मेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।

## विज्ञापन नं. १०७

१) पद र स्थानः– श्री ५ को सरकार, सडक विभागअन्तर्गत नेपालगञ्ज सब–डिभिजन अफिसको निमित्त १ जना असिष्टेण्ट डिभिजनल इन्जिनियर, गजेटेड तृतीय श्रेणी, (प्राविधिक) स्थायी तथा पेन्सन पाइने ।

२) आवश्यक न्यूनतम योग्यताः– सिभिल इन्जिनियरिङ्गमा डिग्री प्राप्त ।

३) वान्छनीय योग्यताः– अनुभवी र प्राक्टीकल ट्रेनिंग प्राप्त गरेकोलाई विशेष ग्राहयता दिने ।

४) उम्मेदवारले गर्नु पर्ने कामको किसिमः– सडक, पूल निर्माण तथा मर्मतसम्बन्धी ।

५) मासिक तलवको स्केलः– रू. ३५०।– देखि रू. ६२५।– सम्म ।

६) महंगी भत्ताः– प्रचलित रूल नियमबमोजिम ।

७) दर्खास्त दस्तूरः– नगद रू. ३।– तीन रुपैयां ।

८) अन्तरवार्ता दस्तूरः– नगद रू. १०।– दश रुपैयां ।

९) दर्खास्त आयोगमा आइपुग्नु पर्ने मितिः– ०२२।१।७।२

१०) सम्पर्क मितिः– ०२२।१।८।३ का दिन ४ बजे ।

११) उमेरः– उम्मेदवारको उमेर १६ वर्ष पूरा भएको हुनु पर्छ ।

## विज्ञापन नं· १०८

१) पद र स्थानः– श्री ५ को सरकार, स्वास्थ्य सेवा विभागअन्तर्गत २ जना लेडी डाक्टर, गजेटेड तृतीय श्रेणी (प्राविधिक) स्थायी तथा पेन्सन पाइने

२) आवश्यक न्यूनतम योग्यताः– एम्. बी. बी. यस ।

३) उम्मेदवारले गर्नु पर्ने कामको किसिमः– उपचारसम्बन्धी काम ।

४) मासिक तलवको स्केलः– रू. ३५०।– देखि रू. ६२५।– सम्म ।

५) महंगी भत्ताः– प्रचलित रूल नियमबमोजिम ।

६) दर्खास्त दस्तूरः– नगद रू. ३।– तीन रुपैयां ।

७) अन्तरवार्ता दस्तूरः– नगद रू. १०।– दश रुपैयां ।

८) दर्खास्त आयोगमा आइपुग्नु पर्ने मितिः– ०२२।१।६।१ ।

९) सम्पर्क मितिः– ०२२।१।६।४ का दिन ४ बजे ।

१०) उमेरः– उम्मेदवारको उमेर १६ वर्ष पूरा भएको हुनु पर्छ ।

आज्ञाले–
उदयप्रसाद,
सचिव ।

---

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६८४०